नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग
(.................... शाखा)

फोन नं. : ४-४६५३६२, ४-४६११७७
फ्याक्स : ४-४६५५९७
email: sahakaribivag@gmail.com
Website: www.deoc.gov.np

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
चलानी नं. :-
प्राप्त पत्र संख्या र मिति :-

मिति :- २०८१।४।११

## सम्पति शुद्धीकरण निवारण सम्वन्धी सहकारी संघ/संस्थालाई जारी गरिएको (चौथो संशोधन) निर्देशन, २०८१

सम्पति शुद्दीकरण निवारण सम्वन्धी सहकारी संघ/संस्थालाई जारी गरिएको (तेस्रो संशोधन सहित) निर्देशन, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले सम्पति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ७प.(२) ले दिएको अधिकार प्रयोग गरी सहकारी विभागले यो निर्देशन जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : १. यस निर्देशनको नाम "सम्पति शुद्दीकरण निवारण सम्वन्धी सहकारी संघसंस्थालाई जारी गरिएको (चौथो संशोधन) निर्देशन, २०८१" रहेको छ ।

२. यो निर्देशन तुरुन्त प्रारम्भ हुनेछ ।

२. सम्पति शुद्दीकरण निवारण सम्वन्धी सहकारी संघ/संस्थालाई जारी गरिएको निर्देशन, २०७४ को दफा ८ को २ पछि देहायको दफा (२क) थप गरिएको छः,

"(२क.) सहकारी संघ/संस्थाले उच्च पदस्थ व्यक्तिको विवरण राख्दा देहाय वमोजिम वर्गीकरण गरी राख्नु पर्नेछ ।

क) पदमा रहेका उच्च पदस्थ व्यक्ति

ख) पदमा नरहेका उच्च पदस्थ व्यक्ति"

३. दफा ८ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ,

"(३) उच्च पदस्थ व्यक्तिको अभिलेख पछिल्लो पटक निज पदवाट हटेको मितिले कम्तीमा पनि दश वर्षसम्म राख्नु पर्नेछ।"

४. दफा १३ को उपदफा (२) को सट्टामा देहायको उपदफा (२) राखिएको छ,

"(२) सहकारी संघ/संस्थाले ऐनको दफा ७घ. तथा दफा ३५ बमोजिम सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी सम्बन्धी संस्थागत जोखिमको पहिचान तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र तयार गरी सहकारी विभागमा पेश गर्नुपर्नेछ । यसरी जोखिम मूल्यांकन गर्दा संस्थाले

रजिष्ट्रार



Scanned with CamScanner

फोन नं. : ४-४६५३६२, ४-४६११७७
फ्याक्स : ४-४६५५१७
email: sahakaribivag@gmail.com
Website: www.deoc.gov.np
नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
चलानी नं. :-
प्राप्त पत्र संख्या र मिति :-

मिति :-

सदस्य (Member), सेवा (Product), भौगोलिक क्षेत्र (Geographic Location) तथा सेवा प्रवाह गर्ने माध्यम (Delivery channel) लगायत AML/CFT (सम्पति शुद्दीकरण, आतंककारी कार्य वा आमविनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण) सम्वन्धी जोखिमको पहिचान एवम् विश्लेषण गरी मूल्यांकन गर्नु पर्नेछ । साथै उपरोक्त अनुसार जोखिम मुल्यांकन गर्नु अघि मूल्यांकनको पद्धति तथा वस्तुगत आधार तयार गरी सहकारी विभागमा पेश गर्नुपर्नेछ ।"

५. दफा १३ को उपदफा (३) को सट्टामा देहायको उपदफा (३) राखिएको छ,

"(३) सहकारी संघ/संस्थाहरुले सदस्यहरुको सम्पति शुद्धीकरण निवारण सम्बन्धी विवरण अनुसूची ३ को ढाँचामा प्रत्येक वर्ष श्रावण मसान्तभित्र सहकारी विभागमा पेश गर्नु पर्नेछ ।"

६. दफा १३ को उपदफा (५) पछि देहायको उपदफा (६) र (७) थप गरिएको छ,

"(६) सहकारी संघ/संस्थाले उपदफा २ वमोजिमको जोखिम मूल्यांकन प्रतिवेदनको आधारमा प्रत्येक आर्थिक वर्षमा जोखिमको विश्लेषण अद्यावधिक गरी सोही बमोजिम नीति तथा कार्यविधिमा आवश्यक परिमार्जन गरी जोखिममा आधारित वार्षिक कार्ययोजना वनाई लागू गर्नु पर्नेछ।"

"(७) सहकारी संघ/संस्थाले सम्पत्ति शुद्धीकरण, आतंकवादी क्रियाकलाप तथा आम विनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारणका सम्बन्धमा वर्ष भरी गरेका काम कारवाहीको समीक्षासहितको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र सहकारी विभागमा पेश गर्नुपर्नेछ। यसरी पेश हुने प्रतिवेदनमा संस्थाले सम्पति शुद्दीकरण निवारण सम्वन्धी कार्यविधि वनाए/नवनाएको, वनाएकोमा सो कार्यविधिमा परिमार्जन गरे/नगरेको, जोखिम विश्लेषण गरिएको/नगरिएको, गरिएको भए सो आधारमा वर्गीकरण गरिएको सदस्यहरुको संख्या, वित्तीय जानकारी इकाइको गोएमएल सिस्टममा आवद्द भए/नभएको, आवद्द भएको भए गोएमएल सिस्टममा पठाइएको प्रतिवेदनको संख्या, कार्यान्वयन अधिकारीको नाम र सम्पर्क नंवर, सहकारी संस्थाको जम्मा सदस्य संख्या र सदस्य पहिचान तथा सम्पुष्टि गरिएका सदस्य संख्या लगायत संस्थाले गरेका अन्य काम कारवाही समावेश हुनु पर्नेछ।"

पिताम्बर घिमिरे
रजिष्ट्रार



Scanned with CamScanner

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सहकारी विभाग
(.................................. शाखा)

फोन नं. : ४-४६५३६२, ४-४६११७७
फ्याक्स : ४-४६५५१७
email: sahakaribivag@gmail.com
Website: www.deoc.gov.np

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
चलानी नं. :-
प्राप्त पत्र संख्या र मिति :-

मिति :-

७. दफा १४ हटाइएको छ ।

८. दफा (१९) को सट्टामा देहायको दफा (१९) राखिएको छ,

"(१९) सीमा कारोबारको प्रतिवेदन : (१) संस्थाले ऐनको दफा १०क. बमोजिमको सीमा कारोबार (थ्रेस्होल्ड ट्रान्जेक्सन) सम्बन्धी प्रतिवेदन कारोबार सम्पन्न भएको मितिले १५ दिनभित्र वित्तीय जानकारी इकाईले तोकेबमोजिमको ढाँचामा वित्तीय जानकारी इकाईमा पठाउनु पर्नेछ ।

स्पष्टीकरण :— सीमा कारोबार (थ्रेस्होल्ड ट्रान्जेक्सन) भन्नाले नेपाल राष्ट्र बैंकले तोकेको देहायको कारोवारलाई सम्झनुपर्छ :—

क) कुनै सदस्यले संस्थामा एकै पटक वा पटक/पटक गरी एक दिनमा कुनै खातामा गरेको रु.१० लाख वा सो भन्दा बढी रकमको नगद जम्मा कारोबार वा एकै पटक वा पटक पटक गरी एक दिनमा कुनै खातावाट गरेको रु.१० लाख वा सो भन्दा बढी रकमको नगद खर्च कारोवार।

ख) कुनै सदस्यले एकै पटक वा पटक/पटक गरी एक दिनमा सम्बन्धित सहकारी संस्थाको बैंक तथा वित्तीय संस्थाको खातामा गरेको रु.१० लाख वा सो भन्दा बढी रकमको नगद जम्मा कारोबार ।

नोटः सदस्यले सहकारी संस्थामा पेश गर्ने बैंक तथा वित्तीय संस्थाको नगद जम्मा भौचर अनुसार प्रतिवेदन गर्नुपर्ने ।

(२) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय वमोजिमको कारोवारको विवरण वित्तीय जानकारी इकाइमा पठाउनु पर्ने छैन ।

क) संस्थाले सहकारी ऐन, २०७४ बमोजिम संस्थासँग कारोबार गर्न पाउने सरकारी कार्यालय, विशेष ऐन अन्तर्गत स्थापित निकायसँगको कारोबार ।

ख) संस्थाले आफ्नो कर्मचारीलाई प्रचलित कानुन बमोजिम कर्जा सापटी वा सुविधा प्रदान गरेको कारोवार ।

ग) सहकारी संघ/संस्थाले कुनै पनि वैंक वा वित्तीय संस्थासँग गरेको नगद कारोबार ।



Scanned with CamScanner

फोन नं. : ४-४६५३६२, ४-४६११७७
फ्याक्स : ४-४६५५१७
email: sahakaribivag@gmail.com
Website: www.deoc.gov.np

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
चलानी नं. :-
प्राप्त पत्र संख्या र मिति :-

मिति :-

घ) सहकारी संघ/संस्थाले सहकारी बैंकसँग गरेको नगद कारोबार ।

तर छुट दिइएको उक्त कारोबारहरूको हकमा शंकास्पद कारोबारको पहिचान गर्न र सो बमोजिमको विवरण तयार गरी वित्तीय जानकारी इकाईमा पठाउन छुट दिएको मानिने छैन।

९. दफा (२०) को सट्टामा देहायको दफा (२०) राखिएको छ,

"२०.शंकास्पद कारोबार सम्बन्धमा: (१) संस्थाले ऐनको दफा ७ढ. मा उल्लेखित खास कारोबारका सम्बन्धमा बिशेष ध्यान दिने प्रणालीको विकास गरी लागु गर्नु पर्नेछ।

(२) संस्थाले ऐनको दफा ७ध. बमोजिम सदस्य, कारोबार वा सम्पत्तिको सम्बन्धमा देहायको अवस्थाहरु विधमान भएमा शङ्कास्पद कारोबार सम्बन्धी प्रतिवेदन आवश्यक जाँचबुझ गरी तत्काल वित्तीय जानकारी इकाईले तोकेको ढाँचामा वित्तीय जानकारी इकाईमा पेस गर्नुपर्नेछ । त्यस्तो प्रतिवेदन तयार गर्दा वित्तीय जानकारी इकाईले जारी गरेको 'STR/SAR Guidelines', 'goAML Operational Guidelines' तथा अन्य मार्गदर्शनहरुलाई आधार मान्नु पर्नेछ ।

(क) कुनै सम्पत्ति, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूर वा अन्य कसूरसँग सम्बन्धित भएको शङ्का लागेमा वा शङ्का गर्नुपर्ने मनासिब आधार भएमा वा

(ख) कुनै सम्पत्ति, आतङ्ककारी कार्य, आतङ्ककारी व्यक्ति वा आतङ्ककारी संगठन वा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीसँग सम्बन्धित वा जोडिएको वा त्यस्तो कार्यमा वा त्यस्तो व्यक्ति वा संगठनवाट प्रयोग हुन सक्ने शङ्का लागेमा वा शङ्का गर्नुपर्ने मनासिब आधार भएमा ।

(२क) संस्थाले उपदफा (२) बमोजिम कुनै सदस्यले शंकास्पद कारोबार गर्ने प्रयास मात्र गरेमा समेत प्रतिवेदन दिनु पर्नेछ ।

(३) अनुसन्धान गर्ने निकायहरुबाट अनुसन्धानका सिलसिलामा कुनै व्यक्ति वा संस्थाको विवरण वा सुचना माग गरेको अवस्थामा शंकास्पद देखिने नयाँ तथ्य वा विषय जानकारीमा आएको



CamScanner

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
**सहकारी विभाग**
(.............................शाखा)

फोन नं. : ४-४६५३६२, ४-४६११७७
फ्याक्स : ४-४६५५१७
email: sahakaribivag@gmail.com
Website: www.deoc.gov.np

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
चलानी नं. :-
प्राप्त पत्र संख्या र मिति :-

मिति :-

अवस्थामा बाहेक वित्तीय जानकारी इकाईलाई सूचित गर्न आवश्यक हुने छैन । तर, त्यस्ता व्यक्ति वा संस्था तथा सोको कारोबार सम्बन्धी विवरण माग गरिएको अवस्थामा उपलब्ध गराउन सक्ने गरी तयार गरी राख्नु पर्नेछ ।

४) संस्थाले शंकास्पद कारोबार सम्बन्धी प्रतिवेदन पेश गर्नुपर्ने अवस्था विद्यमान हुँदा हुँदै प्रतिवेदन पेश नगरेको देखिएमा नियमनकारी निकायले सोको जानकारी वित्तीय जानकारी इकाईलाई दिनु पर्नेछ ।

१०. दफा २१ को उपदफा (१) पछि देहायको उपदफा (२) थप गरिएको छ,

"(२) सहकारी संघ/संस्थामा भएको कारोवारको आधारमा सीमा तथा शंकास्पद कारोवार वित्तीय जानकारी इकाईमा पेश गर्नु पर्ने अवस्थामा सीमा तथा संकास्पद कारोवार/क्रियाकलापको प्रतिवेदन अनिवार्य रुपमा वित्तीय जानकारी इकाईको goAML Software System (Production Environment) वाट मात्र पेश गर्नु पर्नेछ। यसको लागि संघ/संस्थाहरुले आफ्नो कोर सिस्टम वा अन्य विद्युतीय माध्यममा सदस्यको विवरण अद्यावधिक गरी राख्नु पर्नेछ ।"

११. दफा २४ को उपदफा (८) पछि देहायको उपदफा (९) थप गरिएको छ,

"(९) सहकारी संघ/संस्थाले शंकास्पद कारोबार सम्बन्धी प्रतिवेदन पठाउदा संस्थाको कार्यान्वयन अधिकारीको एकाघर परिवार वा नजिकको नातेदार हुने अवस्था देखिएमा व्यवस्थापक/प्रमुख कार्यकारी अधिकृतले सोको एकीन गरी अन्य कर्मचारीवाट प्रतिवेदन पठाउने व्यवस्था गर्ने र सोको जानकारी संचालक समितिलाई दिनु पर्नेछ ।"

१२. दफा २७ को उपदफा (३) पछि देहायको उपदफा (४) थप गरिएको छ,

"(४) सहकारी संघ/संस्थाले कानूनमा भएको परिवर्तन, जोखिम मूल्याङ्कन, व्यवसाय र प्रविधिमा भएको परिवर्तन, कसूर गर्ने तरिका तथा प्रवृत्तिमा आएको परिवर्तन समेतको आधारमा वार्षिक रुपमा

पितास्वर घिमिरे
रजिष्ट्रार



Scanned with CamScanner

फोन नं. : ४-४६५३६२, ४-४६११७७
फ्याक्स : ४-४६५५१७
email: sahakaribivag@gmail.com
Website: www.deoc.gov.np
नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।


कम्तीमा एक पटक र आवश्यकता अनुसार एक पटकभन्दा बढी जोखिममा आधारित संस्थागत नीति, कार्यविधि तथा कार्ययोजना अद्यावधिक गरी सहकारी विभागमा पेश गर्नु पर्नेछ ।"

१३. दफा ३१ को उपदफा (५) पछि देहायको उपदफा (६) थप गरिएको छ,

"(६) सहकारी संघ/संस्थाले ऐनको दफा ३५च बमोजिम सूचीकृत परिपालना परीक्षकबाट सम्परीक्षण गराई प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्र ऐनको दफा ३५ङ. मा समावेश भएका विषयहरु समेटी परिपालना प्रतिवेदन सहकारी विभाग समक्ष पेश गर्नुपर्नेछ।"

१४. दफा ३२ को उपदफा (५) को सट्टामा देहायको उपदफा (५) राखिएको छ,

(५) सहकारी संघ/संस्थालाई यस दफा बमोजिम वा निर्देशनका अन्य व्यवस्था उल्लंघनका सम्वन्धमा कारवाही तथा सँजाय हुने अवस्थामा वा त्यस्तो सँजाय संस्थाको कुनै पदाधिकारी वा कर्मचारीको काम कारवाहीको कारणले हुने देखिएमा त्यस्तो पदाधिकारी वा कर्मचारीलाई उल्लंघनको गाम्भिर्यता र नियतगत मनशायलाई समेत विचार गरी सम्वन्धित संस्थाले प्रचलित कानून वा संस्थाको विनियम बमोजिम कारवाही गर्नुपर्नेछ ।

तर, सहकारी संघ/संस्थाले उक्त कारवाही नगरेमा विभागले त्यस्तो पदाधिकारी वा कर्मचारीलाई कारवाही गरी त्यसरी कारवाही नगर्ने संस्थाको संचालक वा सम्बन्धित पदाधिकारीलाई परिपालनाको अवस्था, विषयको गाम्भीर्यता र सहकारी संघ/संस्थाको प्रकृति अनुसार रु १० लाख देखि ५ करोड सम्मको जरिवाना वा पदबाट हटाउने वा दुवै कारवाही गर्न सक्नेछ ।

१५. दफा ३३ को उपदफा (७) पछि देहायको उपदफा (८) थप गरिएको छ,

(८) यस निर्देशन अनुसार सहकारी संघ/संस्थाहरुले सहकारी विभागमा पठाउनु पर्ने विवरण, प्रतिवेदन तथा कार्ययोजना विभागले प्रकाशित गरेको सूचना अनुसारको माध्यम प्रयोग गरी पठाउनु पर्नेछ। सो अनुसार विभागले सूचना जारी नगरेसम्मको लागि विभागको इमेल ठेगाना amlcft@deoc.gov.np मा पठाउनु पर्नेछ।

१६. अनुसूची ४ र ५ हटाइएको छ।

पितामबर घिमिरे
रजिष्ट्रार



Scanned with CamScanner

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय (मन्त्रीस्तर) बाट मिति २०७४/१०/१५ मा स्वीकृत

# सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी सङ्घसंस्थालाई जारी गरिएको निर्देशन, २०७४

| | **संशोधन मिति** |
|---|---|
| सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी सङ्घसंस्थालाई जारी गरिएको (पहिलो संशोधन) निर्देशन, २०७६ | २०७६।०७।१८ |
| सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी सङ्घसंस्थालाई जारी गरिएको (दोस्रो) संशोधन) निर्देशन, २०७७ | २०७७।०४।२३ |
| सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी सङ्घसंस्थालाई जारी गरिएको (तेस्रो) संशोधन) निर्देशन, २०७९ | २०७९।०२।२३ |

**प्रस्तावना** : सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ र सोअन्तर्गत बनेका नियमावलीको प्रभावकारी कार्यान्वयनद्वारा सहकारी संस्थाहरूमा हुने वित्तीय कारोबारको स्वच्छता एवं पारदर्शिता कायम गर्दै सहकारी वित्तीय प्रणालीलाई संरक्षण गर्न सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ७प.को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी ♣भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्वीकृतिमा सहकारी विभागले यो निर्देशन जारी गरेको छ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशनको नाम "सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी सङ्घसंस्थालाई जारी गरिएको निर्देशन, २०७४" रहेको छ।

(२) यो निर्देशन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशनमा,-

(क) "ऐन" भन्नाले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ सम्झनुपर्छ।

♣(ख) "कार्यालय" भन्नाले विभाग, प्रदेश सहकारी नियामक निकाय वा स्थानीय तह सहकारी नियामक निकाय सम्झनु पर्छ।

(ग) "जायजेथा" भन्नाले संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षणबमोजिम कायम रहेको वासलातको जम्मा सम्पत्ति वा दायित्व सम्झनुपर्छ।

(घ) "नियमावली" भन्नाले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण नियमावली, २०७३ सम्झनुपर्छ।

---

♣ पहिलो संशोधनद्वारा संशोधित।

(ङ) "प्रमुख कार्यकारी अधिकृत" भन्नाले संस्थाको दैनिक कार्यसञ्चालन नियन्त्रण गर्ने अन्तिम जिम्मेवारी भएको कार्यकारी सञ्चालक, कार्यकारी निर्देशक, महाप्रबन्धक, व्यवस्थापक वा त्यस्तै पदको कर्मचारी सम्झनुपर्छ र सो शब्दले संस्थाको कार्यकारी प्रमुखको रूपमा काम गर्ने अन्य पदाधिकारीसमेतलाई जनाउँछ ।

♣(च) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय सम्झनु पर्छ ।

(छ) "रजिष्ट्रार" भन्नाले विभागको रजिष्ट्रार सम्झनुपर्छ ।

(ज) "वित्तीय जानकारी इकाई" भन्नाले ऐनको दफा ९ बमोजिमको वित्तीय जानकारी इकाई सम्झनुपर्छ ।

(झ) "विनियम" भन्नाले संस्थाको विनियम सम्झनुपर्छ ।

(ञ) "विभाग" भन्नाले सहकारी विभाग सम्झनुपर्छ ।

(ट) "सङ्घ" भन्नाले सहकारी ऐन, २०७४ अन्तर्गत दर्ता भएको जिल्ला विषयगत सहकारी सङ्घ, जिल्ला सहकारी सङ्घ, प्रदेश विषयगत सहकारी सङ्घ, प्रदेश सहकारी सङ्घ, केन्द्रीय विषयगत सहकारी सङ्घ वा विशिष्टीकृत सहकारी सङ्घ सम्झनुपर्छ र सो शब्दले राष्ट्रिय सहकारी महासङ्घसमेतलाई जनाउँछ ।

(ठ) "सदस्य" भन्नाले संस्थाको सदस्य सम्झनुपर्छ र सो शब्दले नियमावलीको नियम २ को खण्ड (ख) बमोजिमको व्यक्तिसमेतलाई जनाउँछ ।

(ड) "संस्था" भन्नाले सहकारी ऐन, २०७४ अन्तर्गत दर्ता भएको सहकारी संस्था सम्झनुपर्छ र सो शब्दले सङ्घ तथा सहकारी बैङ्कसमेतलाई जनाउँछ ।

⊕(ढ) "उच्च पदस्थ व्यक्ति" भन्नाले राष्ट्रपति, उप-राष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, प्रतिनिधि सभाको सभामुख, राष्ट्रिय सभाको अध्यक्ष, प्रदेश प्रमुख, नेपाल सरकारका मन्त्री, प्रदेश सरकारका मुख्य मन्त्री, संघीय संसदका सदस्य, संवैधानिक निकायको पदाधिकारी, प्रदेश सभामुख, प्रदेश सरकारका मन्त्री, नेपाल सरकारका विशिष्ट श्रेणी वा सो सरह वा सोभन्दा माथिका पदाधिकारी, उच्च अदालतको न्यायाधिश वा सोभन्दा माथिल्लो तहको न्यायाधीश, प्रदेश सभाका उपसभामुख, प्रदेश सभाका सदस्य, राष्ट्रिय स्तरको राजनितिक दलको केन्द्रीय पदाधिकारी, जिल्ला समन्वय समितिका प्रमुख तथा उप प्रमुख, नगरपालिका प्रमुख तथा उप प्रमुख, गाउँपालिका

♣ पहिलो संशोधनद्वारा संशोधित ।

⊕ तेस्रो संशोधनद्वारा थप ।

⊕

अध्यक्ष तथा उपाध्यक्ष, नेपाल सरकारको पुर्ण वा आंशिक स्वामित्व भएका संस्थाको उच्च पदाधिकारी वा त्यस्तो जिम्मेवारी भएको वा पाएको व्यक्ति र सो शब्दले नेपाल सरकारले राष्ट्रिय समन्वय समितिको सिफारिसमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको वर्गको व्यक्ति समेतलाई जनाउँछ ।

⊕(ण) "वास्तविक धनी" भन्नाले ग्राहक, कारोबार, सम्पत्ति, कानूनी व्यक्ती वा कानूनी प्रबन्ध उपर प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा स्वामित्व हुन, नियन्त्रण राख्न, निर्देशन दिन वा प्रभाव पर्न सक्ने अन्तिम हिताधिकारी वा धनीको रुपमा रहेको प्राकृतिक व्यक्ति सम्झनु पर्छ ।

## परिच्छेद–२

## सदस्य पहिचान तथा सम्पुष्टि सम्बन्धी व्यवस्था

३. **सदस्य पहिचान** : (१) संस्थाले सदस्य तथा सदस्य हुन इच्छुक व्यक्तिको ऐनको दफा ७क. र नियमावलीको नियम ४ तथा ५ बमोजिम पहिचान तथा सोको सम्पुष्टि गर्नुपर्नेछ ।

⊕(१क) संस्थाले उपदफा (१) बमोजिम सदस्य पहिचान तथा संपुष्टि गर्न आवश्यक कागजात, विवरण तथा जानकारी उपलब्ध नगराउने र उपलब्ध गराएको कागजात विवरण तथा जानकारीका आधारमा सदस्य पहिचान तथा संम्पुष्टि हुन नसक्ने व्यक्तिलाई सदस्य बनाई कारोबार गर्न नहुँने ।

∅(२) संस्थाले सदस्यको पहिचानको लागि भराउने सदस्य पहिचान (KYM) फारामको ढाँचा देहाय बमजिम हुनेछः-

(क) प्राकृतिक व्यक्तिको हकमा अनुसूची-१ बमोजिम

(ख) सहकारी ऐन, २०७४ को दफा ३० को उपदफा (२) बमोजिमका कानूनी व्यक्तिको हकमा अनुसूची-२ बमोजिम ।

(ग) प्रत्येक संघ वा सहकारी बैंकले सदस्यता प्रदान गर्दा अनुसूची-३ बमोजिमको जोखिम मूल्याङ्कन अद्यावधिक प्रतिवेदन अनिवार्य पेश गर्ने संस्थालाई मात्र सदस्यता प्रदान गर्नुपर्नेछ ।

(३) संस्थाले सदस्यको पहिचान तथा सम्पुष्टि गर्दा वास्तविक धनी तथा हिताधिकारी भए सोको समेत पहिचान गर्नुपर्नेछ ।

---

⊕ तेस्रो संशोधनद्वारा थप ।

∅ तेस्रो संशोधनद्वारा संशोधित ।

(४) संस्थाले सदस्यको पहिचान गर्दा प्राकृतिक व्यक्तिको हकमा निजको ल्याप्चे छाप र सहकारी ऐन, २०७४ को दफा ३० को उपदफा (२) बमोजिमका सदस्यका हकमा आधिकारिक छाप र खाता सञ्चालकको ल्याप्चे छापसमेत लिनुपर्नेछ ।

(५) अभिभावक वा संरक्षकको हैसियतले कसैले बाल बचत खातामा बचत जम्मा गरेको रहेछ भने त्यस्तो अभिभावक वा संरक्षकको ल्याप्चे छाप लिनुपर्नेछ ।

⊕(६) यस परिच्छेद बमोजिम आफ्नो सदस्यको सही पहिचान तथा सम्पुष्टि गर्ने सम्पुर्ण जिम्मेवारी सम्बन्धित संस्थाको हुनेछ ।

४. **अनौपचारिक रूपमा बुझ्न सक्ने** : दफा ३ बमोजिम सदस्यको पहिचान तथा सोको सम्पुष्टि गर्दा संस्थाले आवश्यकतानुसार जानिफकार सदस्य, छिमेकी वा अन्य भरपर्दो स्रोतबाट अनौपचारिक रूपमा समेत बुझ्न सक्नेछ ।

५. **सूचीकृत व्यक्तिसम्बन्धी व्यवस्था :** संस्थाले सदस्य पहिचानलगायत अन्य काम-कारोबार गर्दा ऐनको परिच्छेद ६ख. तथा सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण (सूचीकृत व्यक्ति, समूह वा सङ्गठनको सम्पत्ति वा कोष रोक्का) नियमावली, २०७० बमोजिमका व्यवस्थाको प्रभावकारी पालना सुनिश्चित गर्नुपर्नेछ ।

६. **सदस्यता दिन नहुने** : संस्थाले ऐनको दफा ७क. को उपदफा (४) मा उल्लिखित उपायसमेतबाट नाम, ठेगाना, पेसा, परिवार र रहनसहन लगायतको जानकारी नभई कसैलाई पनि सदस्यता दिनु हुँदैन ।

७. **स्वयम् उपस्थित हुनुपर्ने** : दफा ३ को उपदफा (२) बमोजिमको विवरण तथा कागजात पेस गर्दा वा सोमा भएको परिवर्तनको सूचना दिँदा सम्बन्धित व्यक्ति स्वयम् उपस्थित हुनुपर्नेछ ।

८. **उच्च पदस्थ व्यक्तिको पहिचानसम्बन्धी विशेष व्यवस्था** : (१) संस्थाले ऐनको दफा ७ख. बमोजिम उच्च पदस्थ व्यक्तिको पहिचान तथा जोखिम व्यवस्थापन गर्दा देहायबमोजिमका उपायसमेत अवलम्बन गर्नुपर्नेछ : -

(क) सदस्यको विवरण नियमित रूपले अद्यावधिक गर्ने,

(ख) उच्च पदस्थ व्यक्ति थपघट भएको अवस्थामा तत्काल पहिचान गर्ने,

(ग) उच्च पदस्थ व्यक्तिको परिवार तथा सम्बद्ध व्यक्ति पहिचान गर्ने,

∅(घ) उच्च पदस्थ व्यक्तिको पदिय हैसियत र संलग्नता बमोजिम निज र निजको परिवारको सदस्य तथा निजसँग सम्बद्ध व्यक्ति वा सदस्यको वृहत सदस्य

---

⊕ तेस्रो संशोधनद्वारा थप ।

⊕

∅ तेस्रो संशोधनद्वारा संशोधित ।

पहिचान सम्बन्धी उपयुक्त उपाय अपनाई त्यस्ता सदस्यलाई जोखिम व्यवस्थापनमा उच्च जोखिम स्तरमा राख्ने कार्य गर्ने ।

(२) उच्च पदस्थ व्यक्तिको पहिचान गर्दा देहाय बमोजिमका प्रक्रियाहरू अवलम्बन गर्न सकिनेछ :-

(क) सदस्यबाट सूचना लिने,

(ख) सार्वजनिक रूपमा उपलब्ध सूचना ग्रहण गर्ने,

(ग) सामाजिक सञ्जालमा उपलब्ध सूचनाको विश्लेषण गर्ने,

(घ) व्यावसायिक रूपमा उपलब्ध तथ्याङ्क लिने ।

(३) उच्च पदस्थ व्यक्तिको अभिलेख निज पदबाट अवकाश वा मुक्त भएको मितिले पाँच वर्षसम्म कायम राख्नुपर्नेछ ।

तर संस्थाले जोखिमलाई आधार मानी सो अवधिलाई बढाउन सक्नेछ ।

९. **विद्यमान सदस्यको पहिचान तथा सम्पुष्टिसम्बन्धी व्यवस्था** : [∅](१) संस्थाले ऐन, नियमावली र यो निर्देशन बमोजिम विद्यमान सदस्यको पहिचान तथा सम्पुष्टि र अद्यावधिक देहाय बमोजिम गर्नुपर्नेछः-

(क) उच्च जोखिम भएका सदस्यको हकमा एक वर्षमा कम्तीमा एक पटक,

(ख) मध्यम जोखिम भएका सदस्यको हकमा दुई वर्षमा कम्तीमा एक पटक,

(ग) न्यून जोखिम भएका सदस्यको हकमा तीन वर्षमा कम्तीमा एक पटक,

(२)[≡] ……………………

(३) संस्थालाई जोखिममा तात्विक फरक परेको लागेमा जोखिमसापेक्ष हुने गरी [∅]उपदफा (१) मा उल्लिखित अवधि अगावै पहिचान अद्यावधिक गर्नुपर्नेछ ।

१०. **वास्तविक धनीको पहिचान** : (१) संस्थाले ऐनको दफा ७ग. र नियमावलीको नियम ६ बमोजिम वास्तविक धनीको पहिचान गर्दा देहाय बमोजिमका उपायसमेत अवलम्बन गर्नुपर्छ :-

(क) सदस्यले पेस गरेको विवरण, कारोबार र निजको हैसियत मिल्छ, मिल्दैन ?

(ख) सदस्यको काम कारोबारउपर अन्य कुनै व्यक्तिको कुनै किसिमको प्रभाव वा स्वार्थ हुन सक्ने अवस्था छ, छैन ?

---

∅ तेस्रो संशोधनद्वारा संशोधित ।

≡ तेस्रो संशोधनद्वारा हटाइएको ।

(ग) सदस्यको पुख्यौली तथा वर्तमान आर्थिक अवस्था स्वाभाविक देखिन्छ, देखिँदैन ?

(घ) सदस्य र निजसँग सम्बद्ध व्यक्तिको बारेमा सार्वजनिक रूपमा उपलब्ध सूचनासँगको तादात्म्य छ, छैन ?

(ङ) संस्थाले तय गरेका अन्य उपाय ।

(२) संस्थाले वास्तविक धनी पहिचान गर्ने, निजहरूको कारोबार अनुगमन गर्ने तथा त्यस्तो कार्य गर्ने प्रभावकारी व्यवस्था मिलाउनुपर्नेछ ।

११. **सदस्यको बृहत् पहिचानसम्बन्धी व्यवस्था** : ∅(१) संस्थाले ऐनको दफा ७ङ र नियमावलीको नियम ८ बमोजिम देहायका सदस्यको बृहत पद्धतिबाट थप पहिचान गर्नुपर्नेछ र जोखिम व्यवस्थापनमा उच्च जोखिम स्तरमा राख्नु पर्नेछ ।

(क) विद्युतीय माध्यमबाट कारोबार गर्ने सदस्य,

(ख) भ्रष्टाचार, कर छलीलगायत अन्य आपराधिक कार्यका दृष्टिले उच्च जोखिममा रहेको सदस्य,

(ग) उच्च आर्थिक कारोबार गर्ने सदस्य,

स्पष्टीकरणः यस खण्डको प्रयोजनका लागि उच्च आर्थिक कारोबार गर्ने सदस्य भन्नाले वार्षिक रु. ३० लाखभन्दा बढी बचत गरेको वा सेयर खरिद गरेको वा ऋण लिएको सदस्य सम्झनुपर्छ ।

(घ) आर्थिक वा कानूनी उद्देश्य स्पष्ट नदेखिने जटिल, ठूलो वा अस्वभाविक प्रकृतिको कारोबार गर्ने सदस्य तथा उच्च पदस्थ व्यक्ति र त्यस्तो व्यक्तिको परिवारको सदस्य तथा निज सँग सम्बद्ध व्यक्ति वा सदस्य।

(ङ) संस्थाले बृहत् पहिचान गर्न आवश्यक देखेको अन्य सदस्य ।

(२) उपदफा (१) मा उल्लिखित सदस्य तथा निजसँग सम्बद्ध व्यक्तिसँग कारोबार गर्दा नियमावलीको नियम ८ मा उल्लिखित उपायहरूको अतिरिक्त देहायका उपायहरू अवलम्बन गर्नुपर्नेछ :-

(क) सम्पत्तिको स्रोत पहिचान गर्न औपचारिक वा अनौपचारिक रूपमा सूचना सङ्कलन गर्ने,

(ख) खण्ड (क) बमोजिम प्राप्त सूचनाको जाँचबुझ गर्ने र निष्कर्षअनुरूप आवश्यक कार्य गर्ने,

(ग) कारोबारको अनुगमनका लागि सीमा निर्धारण गर्ने ।

१२. **सरलीकृत सदस्य पहिचानसम्बन्धी व्यवस्था** : संस्थाले ऐनको दफा ७च. र नियमावलीको नियम ९ बमोजिम सरलीकृत रूपमा पहिचान गरिएका सदस्यहरूको विवरण छुट्टै समेत राख्नुपर्नेछ ।

---

∅ तेस्रो संशोधनद्वारा संशोधित ।

१३. **जोखिम व्यवस्थापन गर्नुपर्ने** : (१) संस्थाले ऐनको दफा ७घ. बमोजिम जोखिम पहिचान, मूल्याङ्कन तथा व्यवस्थापन गर्दा उक्त दफामा उल्लिखित आधारका अतिरिक्त देहायका आधारसमेत लिनुपर्नेछ :-

(क) राष्ट्रिय तथा क्षेत्रगत जोखिम मूल्याङ्कन,

(ख) ऐनमा उल्लिखित विषयमा अन्तर्राष्ट्रिय रूपमा भएको अध्ययन तथा अनुसन्धान प्रतिवेदन,

(ग) सदस्य तथा सम्बद्ध व्यक्तिको आर्थिक अवस्था तथा पृष्ठभूमि,

(घ) पदीय वा अन्य प्रभावावस्थिति वा अनग्र स्वामित्वको अवस्था,

(ङ) पेस भएका विवरण, प्रयोग गर्न चाहेको वा गरेको उत्पादन वा सेवा, वितरण माध्यम तथा कारोबारहरूको स्वाभाविकता, विश्वसनीयता र तादात्म्य,

(च) सदस्यको आर्थिक वा अन्य अवस्थामा आएको परिवर्तन,

(छ) सदस्य रहेको वा सदस्यको काम कारोबार भएको स्थानको विशेषता,

(ज) संस्थाले उपयुक्त देखेका अन्य आधार ।

∅(२) संस्थाले सदस्यको पहिचान तथा संम्पुष्टि सम्पन्न गरी प्रत्येक आर्थिक वर्षको अन्तमा विद्यमान सदस्यहरुको जोखिम मूल्याङ्कन तथा पहिचान गरी जोखिमको निर्धारण उच्च, मध्यम र न्यून स्तरमा वर्गीकरण गर्नुपर्नेछ ।यसरी जोखिम व्यवस्थापन गर्दा जोखिम सापेक्ष भए नभएको एकिन गरी जोखिम मूल्याङ्कन प्रतिवेदन अनुसूची- ३ को ढाँचामा तयार गरी अभिलेख राख्नु पर्नेछ र यस्तो अद्यावधिक प्रतिवेदनको एक प्रति आफ्नो नियमनकारी निकाय र विभागमा प्रत्येक वर्ष श्रावण मसान्त भित्र अनिवार्य रुपमा पठाई सक्नु पर्नेछ ।

∅(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संघ संस्था र सहकारी बैङ्कले अनुसुची–३ बमोजिमको ढाँचामा सम्बन्धित नियामक निकायमा जोखिम मूल्याङ्कन अद्यावधिक प्रतिवेदन श्रावण मसान्त भित्र अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

(४) संस्थाले जोखिम व्यवस्थापनका लागि आवश्यक, नीतिगत, कार्यविधिगत तथा नियन्त्रणात्मक व्यवस्था मिलाउनुपर्नेछ ।

∅१४ **असामान्य कारोबार मान्नुपर्ने**: संस्थाले प्रमाणवाट चित्त बुझ्दो आधार प्राप्त भएकोमा बाहेक देहायको कारोबारलाई असामान्य कारोबार मान्नु पर्नेछ र जोखिम निर्धारणमा उच्च जोखिम स्तरमा राख्नु पर्नेछ:-

(क) एकैपटक वा पटक-पटक गरी वार्षिक रु. ३० लाखभन्दा बढीको बचत जम्मा वा कर्जा भुक्तानी,

---

∅ तेस्रो संशोधनद्वारा संशोधित ।

(ख) एकैपटक वा पटक-पटक गरी वार्षिक रु. ३० लाखभन्दा बढीको विप्रेषण (रेमिट्यान्स) वा रकम स्थानान्तरण (मनी ट्रान्सफर),

(ग) एकैपटक वा पटक-पटक गरी वार्षिक रु. ३० लाखभन्दा बढीको सेयर खरिद,

(घ) सीमा कारोबार प्रतिवेदन छल्ने मनसायले हुने कारोबार ।

१५. **सीमा कारोबारको स्रोत खुलासा लिनुपर्ने** : संस्थाले रु. १० लाख वा सोभन्दा बढीको देहायको कारोबार गर्दा सम्बन्धित सदस्य वा व्यक्तिबाट स्रोत खुलासा लिनुपर्नेछ :-

(क) संस्थाको सेयर खरिद गर्दा,

(ख) संस्थामा बचत जम्मा गर्दा,

(ग) संस्थाबाट लिएको ऋणको साँवा, व्याज भुक्तानी गर्दा,

(घ) विप्रेषण (रेमिट्यान्स) वा स्थानान्तरण (ट्रान्स्फर) को रकम भुक्तानी लिँदा, खातामा जम्मा वा खातासार गर्दा ।

१६. **निरन्तर अनुगमन गर्नुपर्ने** : संस्थाले ऐनको दफा ७झ. बमोजिम निरन्तर अनुगमन गर्दा उच्च जोखिममा वर्गीकृत भएका सदस्य तथा कारोबारलाई प्राथमिकता दिनुपर्नेछ ।

१७. **कारोबार गर्न नहुने** : संस्थाले ऐनको दफा ६ र ७ण. मा उल्लिखित व्यक्तिका अतिरिक्त सदस्यता पहिचानका आधार पूरा नभएका व्यक्तिसँग कारोबार गर्नु हुँदैन ।

१८. **सुरक्षात्मक उपाय अवलम्बन गर्नुपर्ने** : संस्थाले ऐनको दफा ७ट. बमोजिम नयाँ प्रविधिबाट वा व्यक्ति उपस्थित नभई कारोबार सञ्चालन गर्दा र सोका लागि कार्यविधि निर्माण गर्दा जोखिमको समुचित व्यवस्थापन हुने गरी आवश्यक उपायहरू अवलम्बन गर्नुपर्नेछ ।

१९. **सीमा कारोबारको प्रतिवेदन** : (१) संस्थाले ऐनको दफा १०क. बमोजिमको सीमा कारोबार ( थ्रेस्होल्ड ट्रान्जेक्सन) सम्बन्धी प्रतिवेदन त्यस्तो कारोबार सम्पन्न भएको मितिले १५ दिनभित्र वित्तीय जानकारी इकाईले तोके बमोजिमको ढाँचा (हाल तोकिएको ढाँचा अनुसूची-४ मा दिइएको) मा वित्तीय जानकारी इकाईमा दिनुपर्नेछ ⊕र यसरी प्रतिवेदन दिँदा रु. १० करोड भन्दा बढी निक्षेप वा पुँजी भएका बचत तथा ऋणको कार्य गर्ने सहकारी संस्थाहरुले goAML Software System मार्फत वित्तीय जानकारी इकाईलाई प्रतिवेदन गर्नु पर्नेछ ।

**स्पष्टीकरण** :- यस दफाको प्रयोजनका लागि सीमा कारोबार (थ्रेस्होल्ड ट्रान्जेक्सन) भन्नाले नेपाल राष्ट्र बैंङ्कले तोकेको देहायको कारोबारलाई सम्झनुपर्छ :-

(क) कुनै सदस्यले एकै पटक वा पटक-पटक गरी एक दिनमा गरेको रु. १० लाख वा सोभन्दा बढी रकमको ψनगद कारोबार र

⊕ तेस्रो संशोधनद्वारा थप ।

ψ दोस्रो संशोधनद्वारा थप ।

(ख) कुनै सदस्य वा व्यक्तिलाई एकै पटक वा पटक-पटक गरी एक दिनमा गरेको रु. १० लाख वा सोभन्दा बढी रकम बराबरको विद्युतीय वा अन्य स्थानान्तरण तथा भुक्तानी ।

(२) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले सहकारी ऐन, २०७४ बमोजिम संस्थासँग कारोबार गर्न पाउने सरकारी कार्यालय, विशेष ऐनअन्तर्गत स्थापित निकायसँगको कारोबार र संस्थाले आफ्नो कर्मचारीलाई प्रचलित कानून बमोजिम कर्जा सापटी वा सुविधा प्रदान गरेको करोबारको विवरण वित्तीय जानकारी इकाईमा पठाउन आवश्यक हुनेछैन ।

तर छूट दिइएको उक्त करोबारहरूको हकमा शङ्कास्पद कारोबारको पहिचान गर्न र सो बमोजिमको विवरण तयार गरी वित्तीय जानकारी इकाईमा पठाउन छूट दिइएको मानिनेछैन ।

२०. **शङ्कास्पद कारोबार सम्बन्धमा :** (१) संस्थाले ऐनको दफा ७ढ. मा उल्लिखित खास कारोबारका सम्बन्धमा विशेष ध्यान दिने प्रणालीको विकास गरी लागू गर्नुपर्नेछ ।

∅(२) संस्थाले ऐनको दफा ७ध  बमोजिम सदस्य, कारोबार वा सम्पत्तिको सम्बन्धमा देहायको अवस्थाहरु विद्यमान भएमा शङ्कास्पद कारोबार सम्बन्धी प्रतिवेदन अनुसूची-५ अनुसारको ढाँचामा तयार गरी ३ दिनभित्र वित्तीय जानकारी इकाई समक्ष पेस गर्नुपर्नेछ । त्यस्तो प्रतिवेदन तयार गर्दा वित्तीय जानकारी इकाईले जारी गरेको मानदण्डहरुलाई आधार मान्नुपर्नेछ ।

(क) कुनै सम्पत्ति, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूर वा अन्य कसूरसँग सम्बन्धित भएको शङ्का लागेमा वा शङ्का गर्नु पर्ने मनासिब आधार भएमा वा

(ख) कुनै सम्पत्ति, आतङ्ककारी कार्य, आतङ्ककारी व्यक्ति वा आतङ्ककारी संगठन वा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीसँग सम्बन्धित वा जोडिएको वा त्यस्तो कार्यमा वा त्यस्तो व्यक्ति वा संगठनबाट प्रयोग हुन सक्ने शङ्का लागेमा वा शङ्का गर्नु पर्ने मनासिब आधार भएमा ।

⊕(२क) संस्थाले उपदफा (२) बमोजिम कुनै सदस्यले शंकास्पद कारोबार गर्ने प्रयास मात्र गरेमा समेत प्रतिवेदन दिनु पर्नेछ ।

(३) अनुसन्धान गर्ने निकायहरूबाट अनुसन्धानका सिलसिलामा कुनै व्यक्ति वा संस्थाको विवरण वा सूचना माग गरेको अवस्थामा शङ्कास्पद देखिने नयाँ तथ्य वा विषय

---

∅ तेस्रो संशोधनद्वारा संशोधित ।

⊕ तेस्रो संशोधनद्वारा थप ।

⊕

जानकारीमा आएको अवस्थामा बाहेक वित्तीय जानकारी इकाईलाई सूचित गर्न आवश्यक हुने छैन ।

तर त्यस्तो व्यक्ति वा संस्था तथा कारोबारसम्बन्धी विवरण माग गरिएको अवस्थामा उपलब्ध गराउन सक्ने गरी तयार गरी राख्नुपर्नेछ ।

⊕(४) संस्थाले शंकास्पद कारोबार सम्बन्धी प्रतिवेदन पेश गर्नु पर्ने अवस्था विद्यमान हुँदा हुँदै पनि प्रतिवेदन पेश नगरेको देखिएमा नियमनकारी निकायले सोको जानकारी वित्तीय जानकारी  इकाई र विभागलाई दिनु पर्नेछ ।

⊕(५) रु. १० करोड भन्दा बढी निक्षेप वा पुँजी भएका बचत तथा ऋणको कार्य गर्ने संस्थाहरुले goAML Software System मार्फत यस्तो प्रतिवेदन वित्तीय जानकारी ईकाइलाई दिनु पर्नेछ ।

२१. **वित्तीय जानकारी इकाईको निर्देशन पालना गर्नुपर्ने** : संस्थाले वित्तीय जानकारी इकाईले जारी गरेको सीमा कारोबार तथा शङ्कास्पद कारोबारसम्बन्धी निर्देशन तथा मार्गदर्शनको पालना गर्नुपर्नेछ ।

## परिच्छेद-३

## जिम्मेवारी

२२. **संस्थाको जिम्मेवारी :** ऐन, नियमावली र यो निर्देशनबमोजिम संस्थाले पूरा गर्नुपर्ने दायित्व प्रभावकारी रूपमा पूरा गर्न, गराउन आवश्यक नीति, कार्यविधि, नियन्त्रण प्रणाली, जनशक्ति, साधन, स्रोत समेतको समुचित व्यवस्था मिलाउने जिम्मेवारी सञ्चालक समितिको हुनेछ ।

२३. **प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी हुने** : ऐन, नियमावली र यो निर्देशनबमोजिम संस्थाले पूरा गर्नुपर्ने दायित्व पूरा गर्न आवश्यक व्यवस्थापकीय जिम्मेवारी प्रमुख कार्यकारी अधिकृतको हुनेछ ।

२४. **कार्यान्वयन अधिकारी** : (१) संस्थाको सञ्चालक समितिले ऐनको दफा ७त. को उपदफा (३) बमोजिम ऐन, नियमावली र सोअन्तर्गत जारी निर्देशिकाबमोजिमको दायित्व पूरा गर्न व्यवस्थापनस्तरको कार्यान्वयन अधिकारी (कम्प्लायन्स अफिसर) नियुक्त गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यान्वयन अधिकारीको नियुक्ति नभएसम्मका लागि प्रमुख कार्यकारी अधिकृतले नै कार्यान्वयन अधिकारीको समेत जिम्मेवारी बहन गर्नुपर्नेछ ।

(३) संस्थाले कार्यान्वयन अधिकारीको नाम, ठेगाना, योग्यता, सम्पर्क नम्बर, 'इमेल' लगायतका विवरण वित्तीय जानकारी इकाई र विभागसमक्ष पेस गर्नुका साथै कार्यान्वयन

---

⊕ तेस्रो संशोधनद्धारा थप ।

⊕

अधिकारी परिवर्तन भएमा वा निजको विवरणमा परिवर्तन भएमा सोको समेत जानकारी पठाउनुपर्नेछ ।

(४) संस्थाले कार्यान्वयन अधिकारीले ऐनको दफा ७त. को उपदफा (४) मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त देहायका कार्यहरू समेत सम्पादन गर्ने गरी तोक्नुपर्नेछ :-

(क) ऐन, नियमावली र यस निर्देशनबमोजिमको कार्य प्रभावकारी बनाउन सम्पर्क बिन्दु (फोकल प्वाइन्ट) को रूपमा काम गर्ने,

(ख) ऐन, नियमावली र यस निर्देशनबमोजिमको कार्य प्रभावकारी रूपमा गर्न नीति, कार्यविधि र प्रणालीको मस्यौदा तर्जुमा गरी पेस गर्ने,

(ग) कर्मचारी वा अन्य स्रोतवाट ऐन, नियमावली र यस निर्देशन्बमोजिम प्राप्त अस्वाभाविक वा शङ्कास्पद कारोबारसम्वन्धी सूचना विश्लेषण तथा जाँचबुझ गर्ने,

(घ) आफ्नो कार्य सम्पादन गर्न संस्थाका अन्य विभाग वा पदाधिकारीसँग विशेषज्ञ सेवा लिन वा आवश्यक जुनसुकै कागजात, विवरण वा सूचना निर्बाध रूपमा जुनसुकै बखत प्राप्त गर्न सक्ने,

(ङ) ऐन, नियमावली तथा यस निर्देशनबमोजिमको विषय कार्यान्वयन भए, नभएको अनुगमन गरी प्रतिवेदन पेस गर्ने ।

(५) कार्यान्वयन अधिकारीलाई सहयोग गर्न संस्थाले आवश्यक कर्मचारीहरूको व्यवस्थासमेत गर्नुपर्नेछ ।

(६) कार्यान्वयन अधिकारीले ऐन, नियमावली तथा यस निर्देशनबमोजिमको विषय कार्यान्वयन गर्ने सिलसिलामा माग गरेको आवश्यक सूचना, जानकारी, कागजात, अभिलेख वा विवरण उपलब्ध नगराउने सम्बन्धित संस्थाका पदाधिकारी वा कर्मचारीलाई कारबाईको सिफारिस गर्नुपर्नेछ र सो सिफारिसबमोजिम सम्बन्धित संस्थाले कारबाई गरी सोको जानकारी वित्तीय जानकारी इकाई तथा विभागलाई गराउनुपर्नेछ ।

(७) संस्थाको सञ्चालक समितिले कम्तीमा छ महिनामा एक पटक ऐन, नियमावली र यस निर्देशनबमोजिम भए, गरेका काम-कारबाईको समीक्षा गर्नुपर्नेछ ।

(८) ऐन, नियमावली र यस निर्देशनको पालना प्रभावकारी एवं परिणाममुखी बनाउनका लागि संस्थाले आफ्ना सदस्य, सञ्चालक समितिका सदस्यहरू तथा उच्च व्यवस्थापन र कर्मचारीहरूको क्षमता विकासका लागि आवश्यक व्यवस्था मिलाउनुपर्नेछ ।

२५. **कार्यविभाजन गरी जिम्मेवारी तोक्न सक्ने** : (१) प्रमुख कार्यकारी अधिकृतले ऐन, नियमावली र यो निर्देशनबमोजिम संस्थाले सम्पादन गर्नुपर्ने कार्यहरू मातहतका कर्मचारीहरूमा विभाजन गरी सम्पादनको जिम्मेवारीसमेत तोक्न सक्नेछ ।

(२) उपदफा (१) मा जनुसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ७त. को उपदफा (४), नियमावली तथा यस निर्देशनबमोजिम कार्यान्वयन अधिकारीको भूमिकामा प्रतिकूल असर पर्ने गरी कार्यविभाजन वा जिम्मेवारी निर्धारण गर्नु हुँदैन ।

२६. **<u>गोपनीयता कायम गर्नुपर्ने</u>**: (१) कार्यान्वयन अधिकारीले ऐन, नियमावली तथा यस निर्देशनबमोजिम तयार वा पेस गरेको सीमा वा शङ्कास्पद कारोबारको प्रतिवेदनको सूचना वा जानकारी वित्तीय जानकारी इकाईबाहेक अन्य कसैलाई दिनु हुँदैन ।

तर प्रतिवेदन र प्रतिवेदनमा उल्लिखित नाम, नामेसीबाहेक अन्य विवरण विभाग, कार्यालय वा प्रचलित कानुनबमोजिम अधिकारप्राप्त अधिकारीले माग गरेका बखत उपलब्ध गराउन यस दफामा लेखिएको कुनै कुराले बाधा पुर्‍याएको मानिनेछैन ।

(२) संस्थाको पदाधिकारी, कर्मचारी, सल्लाहकार वा लेखापरीक्षकले आफ्नो कार्यसम्पादनका सिलसिलामा प्राप्त सूचना वा जानकारी सम्बन्धित वा अन्य कुनै व्यक्तिलाई कुनै तबरले प्रकट नगरी गोप्यता कायम राख्नुपर्नेछ ।

(३) ऐन, नियमावली तथा यस निर्देशनबमोजिम गोपनीयता कायम गर्नुपर्ने विषयका सन्दर्भमा ऐनको दफा ३७ बमोजिम बचाउ हुने अवस्था बाहेक कोही कसैले गोपनीयता सम्बन्धी व्यवस्था पालना नगरेमा ऐनको दफा ४४क. तथा प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

२७. **<u>आन्तरिक कार्यविधिको स्वीकृति</u>** : (१) ऐन, नियमावली र यो निर्देशनबमोजिम सम्पादन गर्नुपर्ने कार्यहरूको प्रभावकारी सम्पादनका लागि ऐनको दफा ७त. को उपदफा (१) लगायत ऐन, नियमावली र यो निर्देशनमा रहेका अन्य व्यवस्थाहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न संस्थाले आन्तरिक नीति तथा कार्यविधि तर्जुमा गरी साधारण सभाबाट पारित गराई लागू गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम संस्थाले नीति तर्जुमा गर्दा देहायका विषयसमेत समावेश गर्नुपर्नेछ :-

(क) सहकारी दर्शन, सिद्धान्त, मूल्य, मान्यता र विधिव्यवहारको प्रचलन,

(ख) सम्पत्ति शुद्धीकरण, आतङ्कवादी कृयाकलापमा वित्तीय लगानी तथा सम्बद्ध अपराध निवारण प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि संस्थागत संरचना तथा प्रभावकारितासम्बन्धी व्यवस्था र रणनीति,

(ग) सदस्य, प्रतिनिधि र कर्मचारीहरूमा उच्चतम नैतिक मर्यादास्तर ( इथिकल स्ट्यान्डर्स) को अपेक्षा, झुठ्ठा विवरणको घोषणा (फल्स डेक्लेरेसन) र विचलनमा शून्य सहिष्णुता,

(घ) ऐन, नियमावली तथा यो निर्देशनका व्यवस्थाको कार्यान्वयनमा साधारण सदस्य, विभिन्न पदमा निर्वाचित पदाधिकारी एवं कर्मचारीहरूलाई स्वतन्त्र, निर्भीक एवं अग्रतापूर्ण ढङ्गले सूचना दिन,

प्रतिवेदन गर्न र अन्य रूपमा कर्तव्य पालना गर्न प्रोत्साहन एवं संरक्षण,

(ङ) सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणमा संस्थाको दायित्वका सम्बन्धमा सदस्य सूचना, शिक्षा, सञ्चार गतिविधिहरूका साथै कर्मचारीहरूको दक्षता विकासमा लगानी र

(च) एकीकृत व्यवस्थापन सूचना प्रणालीमा आबद्धता, नियमित प्रतिवेदन एवं अग्रतापूर्ण परिपालनासमेतबाट संस्थाको निरन्तर छवि प्रक्षेपण ।

(३) उपदफा (१) बमोजिम संस्थाले आन्तरिक कार्यविधि तर्जुमा गर्दा देहायका विषयसमेत समावेश गर्नुपर्नेछ :-

(क) आन्तरिक जिम्मेवारी तथा कार्यविभाजन,

(ख) सदस्यको पहिचान तथा अद्यावधीकरण,

(ग) जोखिम मूल्याङ्कन तथा व्यवस्थापन,

(घ) अनुगमन पद्धति,

(ङ) अस्वाभाविक, असामान्य तथा शङ्कास्पद कारोबारको पहिचान तथा प्रतिवेदन पद्धति,

(च) संस्थाको सञ्चालक समिति, लेखापरीक्षकलगायत अन्य पदाधिकारी तथा कर्मचारीले नियमित रूपमा सम्पादन गर्नुपर्ने कार्यका लागि कार्यविषय ( पोर्टफोलियो) अनुसारको आवश्यक जाँचसूची (चेक लिष्ट),

(छ) कागतपत्रको हिफाजत, सूचना संरक्षण, संरचनामा पहुँच नियन्त्रण, प्रचलित कानूनबमोजिम माग भएका सूचना दिने प्रक्रियाहरूको स्थापना एवं अभिलेखका लागि आवश्यक भौतिक सुविधा तथा उपकरणको निर्धारण गर्ने व्यवस्था,

(ज) कर्तव्य पालनामा लापरवाही गर्ने कर्मचारीउपर अनुशासनको कारबाई,

(झ) आन्तरिक नियन्त्रण, सुपरिवेक्षण, प्रतिवेदन र समीक्षा,

(ञ) अभिलेखसम्बन्धी व्यवस्था र

(ट) अन्य आवश्यक विषय ।

२८. ⊗.................................

२९. **एकीकृत व्यवस्थापन सूचना प्रणालीमा आबद्धता** : (१) रु. ५ करोड वा सोभन्दा बढी रकमको जायजेथा भएको संस्थाले एक वर्षभित्र र अन्य संस्थाले तीन वर्षभित्र मन्त्रालयले स्वीकृत गरेको एकीकृत व्यवस्थापन सूचना प्रणालीमा आबद्ध भइसक्नुपर्नेछ ।

⊗ तेस्रो संशोधनद्वारा खारेज ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्युत्, सञ्चार वा अन्तरसञ्जाल (इन्टरनेट) सेवामा पहुँच नभएको वा दुर्गम भेगमा सञ्चालित संस्थाका हकमा त्यस्तो आवश्यकीय सेवामा पहुँच भएको मितिदेखि मात्र एक वा तीन वर्षको म्याद लागू हुनेछ ।

**३०. अभिलेख व्यवस्थापन :** (१) संस्थाले ऐनको दफा ७द., नियमावलीको नियम १२ तथा यस निर्देशनबमोजिम तयार भएका विवरण, सूची, जानकारी, प्रतिवेदन, अभिलेख, सूचना पाँच वर्षसम्म सुरक्षित राख्नुका साथै त्यसरी राखिएका कागजातहरू आवश्यक परेका बखत तत्काल फेला पार्न सकिने गरी भएसम्म विद्युतीय माध्यममा समेत तिनको विवरण राख्नुपर्नेछ ।

(२) संस्थाले राख्नुपर्ने कागतपत्रको अन्य कुराका अतिरिक्त देहायबमोजिम हिफाजत गर्नुपर्नेछ :-

(क) जिम्मेवारी तोक्ने,

(ख) अनधिकृत पहुँच नहुने व्यवस्था मिलाउने,

(ग) रु. ५ करोड वा सोभन्दा बढीको जायजेथा हुने संस्थाले अग्नि कवज (फायर प्रुफ) दराज र अन्य संस्थाले पनि यथासम्भव सुरक्षित दराजमा राख्ने र

(घ) आन्तरिक कार्यविधिमा उल्लिखित उपायहरू अपनाउने ।

∅**३१. आवश्यक उपायहरु अवलम्बन गर्नुपर्ने:** संस्थाले ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिमको दायित्व पूरा गर्ने सिलसिलामा यस निर्देशनमा गरिएका व्यवस्था बाहेकका देहाय बमोजिमका आवश्यक उपायहरु समेत अवलम्बन गर्नुपर्नेछः-

(१) संस्थाले सम्पत्ति शुद्धिकरण निवारणको क्षेत्रसँग सम्बन्धित विषयमा संस्थाका पदाधिकारी, कर्मचारी र सदस्यहरुले संस्थामा काम कर्तव्यको पालना गर्दा वा कारोबार गर्दा पालना गर्नुपर्ने सदाचार नीति तर्जुमा गरि लागु गर्नेछ ।

(२) संस्थाले प्रत्येक आर्थिक वर्षको वित्तिय कारोबारको लेखापरिक्षण गराउँदा सम्पत्ति शुद्धिकरण तथा सोसँग सम्बद्ध अन्य जोखिमको समेत ईजाजत पत्र प्राप्त स्वतन्त्र लेखापरिक्षकबाट लेखा परिक्षण गरे गराएको हुनुपर्नेछ ।

(३) संस्थामा सहकारी ऐन, नियम बमोजिम साधारणसभाबाट संचालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्दा वा उच्च व्यवस्थापन तहमा नियुक्ति गर्दा सम्पत्ति शुद्धिकरण अपराध तथा अन्य अपराधिक गतिविधि वा सोसँग सम्बद्ध भएका व्यक्ति वा समूहको स्वामित्व, प्रतिनिधित्व वा नियन्त्रणमा संस्था नपर्ने उपयुक्त मापदण्ड र उपाय निर्धारण गरि निर्वाचन सम्पन्न गर्नुपर्नेछ ।

---

∅ तेस्रो संशोधनद्वारा संशोधित ।

(४) संस्थाको संचालक समितिले आफ्नो AML प्रणालीले प्रभावकारी रुपमा काम गरेको, जोखिमको उचित तवरले व्यवस्थापन गरेको, अस्वभाविक गतिविधिको प्रयाप्त अनुगमन हुने व्यवस्था गरेको र आवश्यक प्रतिवेदनहरु सम्बन्धित निकायमा पेस हुने गरे नगरेको निश्चित गर्ने ।

(५) मुद्रा मूल्य स्थानान्तरण, मुद्रा मूल्य व्यवसाय, घर जग्गा व्यवसाय, बहुमूल्य धातु वा बस्तु व्यवसाय, क्यासिनो व्यवसाय, मेनपावर व्यवसाय जस्ता संवेदनशिल पेशा व्यवसायमा संलग्न सदस्यहरुको विशेष नियमन, सुपरिवेक्षणको व्यवस्था सहित यस्तो कारोवार गर्ने सदस्यलाई उच्च जोखिम स्तरमा राख्ने ।

३२. **कारबाई तथा सजाय :** (१) ऐन, नियमावली तथा यो निर्देशनको व्यवस्थाको प्रभावकारी कार्यान्वयन नगर्ने संस्था र त्यस्तो संस्थाका कर्मचारी तथा पदाधिकारीलाई ऐनबमोजिमको कारबाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम कारबाई गर्दा विभागले कम्तीमा १५ दिनको समय दिई ऐनको दफा ७फ. को उपदफा (५) बमोजिम स्पष्टीकरण सोध्नेछ ।

(३) उपदफा (२) बमोजिम सोधिएको स्पष्टीकरण चित्तबुझ्दो नपाइएमा ऐन, नियमावली तथा निर्देशनको पालना नभएको अवस्था, उल्लङ्घनको मात्रा र सोबाट पर्न सक्ने प्रणालीगत प्रभावलगायतका विषयको गाम्भीर्यका आधारमा ऐनको दफा ७फ. बमोजिम विभागले ♣देहाय बमोजिमको कुनै वा सबै कारबाई वा सजाय गर्न सक्नेछ ।

| क.सं. | पालना नभएको व्यवस्था | कारबाई |
|---|---|---|
| १ | नीति तथा कार्यविधि नभएमा | • ♥........लिखित रूपमा सचेत गराउने ।<br>• ♥........बचत सङ्कलनमा सीमा तोक्ने ।<br>• ♥.......कर्जा प्रवाहमा सीमा तोक्ने ।<br>• ♥..........रु. १० लाख वा गाम्भीर्यको आधारमा रु. ३० लाखसम्म जरिबाना गर्ने ।<br>• ♥........संस्थाको दर्ता खारेजसम्मको कारबाई गर्ने । |
| २ | पहिचानसम्बन्धी व्यवस्था कार्यान्वयन नभएमा | • ♥......लिखित रूपमा सचेत गराउने ।<br>• ♥....बचत सङ्कलनमा सीमा तोक्ने ।<br>• ♥.....कर्जा प्रवाहमा सीमा तोक्ने ।<br>• ♥ ........रु. १० लाख जरिबाना गर्ने । |

♥ पहिलो संशोधनद्वारा हटाइएको ।

| क.सं. | पालना नभएको व्यवस्था | कारबाई |
|---|---|---|
| | | ● [ψ]माथि उल्लेखित सजाय वा जरिबाना गर्दा समेत अटेर गरी बसेमा वा बारम्बार सोही कसुर दोहोप्याएमा ♥......रु. १० लाखभन्दा बढी जरिबाना वा गाम्भीर्यको आधारमा संस्थाको दर्ता खारेजसम्मको कारबाई गर्ने । |
| ३ | बेनामी वा काल्पनिक नाममा कारोबार गरेको पाइएमा | ● रु. ३० लाखदेखि गाम्भीर्यका आधारमा रु. ५ करोडसम्म जरिबाना वा थप सजाय गर्ने । |
| ४ | ऐनको परिच्छेद ६ख. को व्यवस्था पालना भएको नपाइएमा | ● [ψ]पहिलो पटक ♥......रु. २० लाख जरिबाना गर्ने ।<br>● [ψ]दोस्रो पटक ♥......रु. ५० लाख जरिबाना गर्ने ।<br>● [ψ]तेस्रो पटक देखि ♥......रु. २ करोड वा गाम्भीर्यअनुसार रु. ५ करोडसम्म जरिबाना गर्ने ।<br>● पटक-पटक प्रणालीगत समस्या भएमा कारोबार वा व्यवसायमा आंशिक वा पूर्ण रोक लगाउने वा संस्थाको दर्ता खारेज गर्नेसम्मको कारबाई गर्ने । |
| ५ | उच्च पदस्थ व्यक्तिको पहिचान हुने प्रणालीको व्यवस्था नभएमा | ● ♥......लिखित रूपमा सचेत गराउने ।<br>● ♥....बचत सङ्कलनमा सीमा तोक्ने ।<br>● ♥.....कर्जा प्रवाहमा सीमा तोक्ने ।<br>● ♥......रु. १० लाख वा गाम्भीर्यको आधारमा रु. ३० लाखसम्म जरिबाना गर्ने ।<br>● ♥......संस्थाको दर्ता खारेजसम्मको कारबाई गर्ने । |
| ६ | वास्तविक धनीको पहिचान गर्ने, बृहत् पहिचान गर्ने तथा पहिचान अद्यावधिक गर्ने व्यवस्था नभएमा | ● ♥....लिखित रूपमा सचेत गराउने ।<br>● ♥....बचत सङ्कलनमा सीमा तोक्ने ।<br>● ♥......कर्जा प्रवाहमा सीमा तोक्ने ।<br>● ♥......रु. १० लाख जरिबाना गर्ने । |

ψ दोस्रो संशोधनद्वारा थप ।

ψ

♥ पहिलो संशोधनद्वारा हटाइएको ।

⊕ तेस्रो संशोधनद्वारा थप ।

| क.सं. | पालना नभएको व्यवस्था | कारबाई |
|---|---|---|
| | | ● ψमाथि उल्लेखित सजाय वा जरिबाना गर्दा समेत अटेर गरी बसेमा वा बारम्बार सोही कसुर दोहोप्याएमा ♥......रु. १० लाखभन्दा बढी जरिबाना वा गाम्भीर्यको आधारमा संस्थाको दर्ता खारेजसम्मको कारबाई गर्ने । |
| ७ | जोखिम व्यवस्थापन भएको नपाइएमा ⊕र जोखीम मूल्याङ्कन प्रतिवेदन तयार नगरेमा वा नियमनकारी निकायमा प्रतिवेदन नपठाएमा । | ● ♥......लिखित रूपमा सचेत गराउने ।<br>● ♥......बचत सङ्कलनमा सीमा तोक्ने ।<br>● ♥......कर्जा प्रवाहमा सीमा तोक्ने ।<br>● ♥......रु. १० लाख वा गाम्भीर्यको आधारमा रु. ३० लाखसम्म जरिबाना गर्ने ।<br>● ♥......संस्थाको दर्ता खारेजसम्मको कारबाई गर्ने । |
| ८ | निरन्तर अनुगमनसम्बन्धी व्यवस्था नभएमा | ● ♥......लिखित रूपमा सचेत गराउने ।<br>● ♥......रु. १० लाख जरिबाना गर्ने ।<br>● ψमाथि उल्लेखित सजाय वा जरिबाना गर्दा समेत अटेर गरी बसेमा वा बारम्बार सोही कसुर दोहोप्याएमा ♥......रु. १५ लाख वा गाम्भीर्यअनुसार थप जरिबाना वा सजाय गर्ने । |
| ९ | सीमा कारोबारको पहिचान गर्ने प्रणाली नभएमा | ● ♥......लिखित रूपमा सचेत गराउने ।<br>● ♥......बचत सङ्कलनमा सीमा तोक्ने ।<br>● ♥......कर्जा प्रवाहमा सीमा तोक्ने ।<br>● ♥......रु. १० लाख वा गाम्भीर्यको आधारमा रु. ३० लाखसम्म जरिबाना गर्ने ।<br>● ♥......संस्थाको दर्ता खारेजसम्मको कारबाई गर्ने । |
| १० | शङ्कास्पद कारोबारको पहिचान | ● ♥......लिखित रूपमा सचेत गराउने ।<br>● ♥......बचत सङ्कलनमा सीमा तोक्ने । |

⊕ तेस्रो संशोधनद्वारा थप ।

♥ पहिलो संशोधनद्वारा हटाइएको ।

| क्र.सं. | पालना नभएको व्यवस्था | कारबाई |
|---|---|---|
| | गर्ने प्रणाली नभएमा | • ♥....कर्जा प्रवाहमा सीमा तोक्ने । <br>• ♥....रु. २० लाख जरिबाना गर्ने । <br>• ψमाथि उल्लेखित सजाय वा जरिबाना गर्दा समेत अटेर गरी बसेमा वा बारम्बार सोही कसुर दोहोप्याएमा ♥....रु. २० लाखभन्दा बढी जरिबाना वा गाम्भीर्यको आधारमा संस्थाको दर्ता खारेजसम्मको कारबाई गर्ने । |
| ११ | कार्यान्वयन अधिकारी वा दफा २४ को उपदफा (२) बमोजिमको व्यवस्था भएको नपाइएमा | • ♥...लिखित रूपमा सचेत गराउने । <br>• ♥...बचत सङ्कलनमा सीमा तोक्ने । <br>• ♥...कर्जा प्रवाहमा सीमा तोक्ने । <br>• ♥...रु. १० लाख जरिबाना गर्ने । <br>• ♥...संस्थाको दर्ता खारेजसम्मको कारबाई गर्ने । |
| १२ | सञ्चालक समितिले गर्नुपर्ने समीक्षा नगरेमा | • ♥...लिखित रूपमा सचेत गराउने । <br>• ♥...बचत सङ्कलनमा सीमा तोक्ने । <br>• ♥....कर्जा प्रवाहमा सीमा तोक्ने । |
| १३ | संस्थागत तथा कर्मचारीको क्षमता विकासका कार्य नगरेमा | • ♥....लिखित रूपमा सचेत गराउने । <br>• ♥....बचत सङ्कलनमा सीमा तोक्ने । <br>• ♥...कर्जा प्रवाहमा सीमा तोक्ने । |
| १४ | ⊗................. | ⊗....................... |
| ♦१४क. | चौमासिक प्रतिवेदन नपठाएमा | • लिखित रुपमा सचेत गराउने । <br>• बचत संकलनमा सीमातोक्ने । |

ψ दोस्रो संशोधनद्वारा थप ।

♥ पहिलो संशोधनद्वारा हटाइएको ।
♥

⊗ तेस्रो संशोधनद्वारा हटाइएको ।

♦ पहिलो संशोधनद्वारा थप ।

| क.सं. | पालना नभएको व्यवस्था | कारबाई |
|---|---|---|
| | | ● कर्जाप्रवाहमा सीमातोक्ने । <br> ● रु.१० लाख वा गाम्भीर्यको आधारमा थप जरिवाना गर्ने । <br> ● संस्थाको दर्ता खारेजीसम्मको कारबाई गर्ने । |
| १५ | सीमा वा शङ्कास्पद कारोबार प्रतिवेदन समयमा नपठाएमा | ● ऐनको दफा १० को उपदफा (७) बमोजिम वित्तीय जानकारी इकाईले रु. १० लाखसम्म जरिबाना गर्न सक्ने । |

∅(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि विभागले कारबाई गर्दा संस्थाको आर्थिक तथा साङ्गठनिक अवस्था, पालनाका लागि भएका प्रयास र उल्लङ्घनको गाम्भीर्यता समेतको विचार गरी प्रभावकारी, आनुपातिक र निरोधात्मक हुने गरी गर्नेछ ।

तर उल्लङ्घनको गाम्भीर्यताको विचार गरी ऐनको दफा ७फ. बमोजिमको कुनै वा सबै कारबाई गर्न यस दफाले बाधा पुऱ्याएको मानिनेछैन ।

∅(५) संस्थालाई यस दफा वमोजिम वा निर्देशनका अन्य व्यवस्था उल्लंघनका सम्वन्धमा कारवाही तथा सजाय हुने अवस्थामा वा त्यस्तो सजाय संस्थाको कुनै पदाधिकारी वा कर्मचारीको काम कारवाहीको कारणले हुने देखिएमा त्यस्तो पदाधिकारी वा कर्मचारीलाई उल्लंघनको गाम्भिर्यता र नियतगत मनशायलाई समेत विचार गरी सम्वन्धित संस्थाले प्रचलित कानून वा संस्थाको विनियम बमोजिम कारवाही गर्नुपर्नेछ ।

⊕(६) ऐन, नियमावली तथा यस निर्देशनको पालनामा अग्रसर भैरहेको र प्रणालीगत सुधारमा संस्थाले लिएको अग्रसरताका आधारमा संस्थालाई कारवाही वा सजाय गर्नु अघि नियमाक निकायले कार्यान्वयन सम्पन्न गर्न निश्चित समयावधि तोकि वार्षिक कार्ययोजना सहित कार्यान्वयन सम्पन्न प्रतिवेदन पेश गर्ने निर्देशन दिन सक्नेछ ।

∅३३ **अनुगमन, निरीक्षण, जाँचवुझ तथा नियमन**: (१) यस निर्देशनको अन्य दफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि ऐन, नियमावली तथा यस निर्देशनका व्यवस्थाहरु पालना गरे नगरेको वा सो बमोजिम काम कारवाही गरे, नगरेको भन्ने सम्बन्धमा सहकारी विभागले जुनसुकै संस्थाको जुनसुकै बखत अनुगमन, निरीक्षण, जाँचवुझ तथा नियमन गर्न गराउन सक्नेछ ।

∅ तेस्रो संशोधनद्धारा संशोधित ।

⊕ तेस्रो संशोधनद्धारा थप ।
∅ तेस्रो संशोधनद्धारा संशोधित ।

(२) यस निर्देशन बमोजिम अनुगमन, निरीक्षण, जाँचवुझ तथा नियमन गर्दा अनुगमन टोलीले माग गरेको विवरण, कागजात तथा अभिलेख उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

(३) अनुगमन, निरीक्षण, जाँचवुझ तथा नियमन टोलीले निर्धारित ढाँचामा प्रतिवेदन बुझाउनु पर्नेछ । यसरी प्रतिवेदन बुझाउँदा संस्थाको कानूनी व्यवस्था कार्यान्वयन अवस्थाको संम्पुष्टि देखिने कागजात, विवरण तथा अभिलेखको प्रतिलिपी र अनुगमन चेक लिष्ट संलग्न राखी बुझाउनु पर्ने छ ।

(४) ऐन, नियम र निर्देशनका व्यवस्थाहरु पालना गराउने सन्दर्भमा नियमनकारी निकाय बीच आवश्यकता अनुसार अन्तर सहयोग, समन्वय र सहकार्य हुनेछ ।

(५) प्रदेश वा स्थानीय तहको नियमन अधिकार क्षेत्रभित्र पर्ने संस्थाको हकमा प्रदेश सहकारी नियामक निकाय वा स्थानीय तहले यसै निर्देशनबमोजिम गर्नु, गराउनु पर्नेछ ।

(६) प्रदेश वा स्थानीय तहबाट यस दफा बमोजिम गर्ने, गराउने व्यवस्था मिलाउँदा यस निर्देशनमा कार्यालय वा विभागले गर्ने गरी उल्लेख भएका सम्पूर्ण कार्यहरूको सम्पादन, कर्तव्यको पालना र अधिकारको प्रयोग प्रदेश सहकारी नियामक निकाय वा स्थानीय तहको कार्यपालिकाले रजिष्ट्रारको अधिकार प्रयोग गर्ने गरी तोकेको अधिकारीले गर्नुपर्नेछ ।

(७) प्रदेश र स्थानीय तहका नियामक निकायले अनुगमन, निरीक्षण, जाँचवुझ तथा नियमनबाट संस्थामा देखिएका कैफियतहरु वार्षिक रुपमा विभागमा पठाउनु पर्नेछ ।

३४. **व्याख्या गर्ने अधिकार** : यो निर्देशनको व्याख्या गर्ने अधिकार रजिष्ट्रारमा रहनेछ ।

♣♣

# ∅अनुसूची-१

## संस्थामा प्राकृतिक व्यक्ति वा सदस्यको पहिचान तथा सम्पुष्टि सम्बन्धी विवरण (KYM) फारामको ढाँचा

**(दफा ३ को उपदफा (२) को खण्ड (क) सँग सम्बन्धित)**

**क. व्यक्तिगत विवरण**

१. नाम, थर :

२. जन्म मिति :

∅ तेस्रो संशोधनद्वारा संशोधित ।

३. नागरिकता प्रमाण-पत्र नं. :

४. नागरिकता प्रमाण-पत्र जारी गर्ने कार्यालय र जिल्ला :

५. लिङ्ग : ☐महिला ☐पुरुष ☐तेस्रो

**ख. पारिवारिक विवरण**

६. आमाको नाम :

७. बाबुको नाम :

८. वैवाहिक स्थिति : ☐विवाहित ☐अविवाहित ☐एकल

९. पति वा पत्नीको नाम, थर :

१०. परिवारको किसिम

☐संयुक्त र एकै भातभान्छा

☐संयुक्त तर अलग भातभान्छा

☐छुट्टिभिन्न वा एकसरुवा (न्युक्लियर)

**ग. पेसाको विवरण**

११. आफ्नो मुख्य पेसा

☐खेतीपाती

☐व्यवसाय (खुलाउने... ... ...)

☐नोकरी (खुलाउने ... ... ...)

☐वैदेशिक रोजगारी (खुलाउने ... ... ...)

☐अन्य (खुलाउने ... ...)

१२. स्थायी लेखा नम्बर :

१३. पति वा पत्नीको मुख्य पेसा

☐खेतीपाती

☐व्यवसाय (खुलाउने ... ... ...)

☐नोकरी (खुलाउने ... ... ...)

☐वैदेशिक रोजगारी (खुलाउने .. .    ...    ...)

☐अन्य (खुलाउने ...    ...    ...)

१४. आफू, पति वा पत्नीबाहेक परिवारमा अर्को मुख्य कमाउने सदस्य

१४.१ नाता :

१४.२ पेसा :

☐खेतीपाती

☐व्यवसाय (खुलाउने ...    ...    ...)

☐नोकरी (खुलाउने ...    ...    ...)

☐वैदेशिक रोजगारी (खुलाउने ...    ...    ...)

☐अन्य (खुलाउने ...    ...    ...)

१५. आफैँ वा परिवारको कुनै सदस्य उच्च पदस्थ भूमिकामा रहे, नरहेको

☐रहेको    ☐नरहेको

१६. आफैँ वा परिवारको कुनै सदस्य उच्च पदस्थ भूमिकामा भए विवरण

(१) नाम :

(२) नाता :

(३) पद वा सार्वजनिक भूमिका :

**घ. बसाईको विवरण**

१७. स्थायी ठेगाना

(१) प्रदेश :

(२) महा/उपमहा/नगरपालिका/गाउँपालिका :

(३) वडा :

(४) गाउँ/टोल :

(५) घर नं. :

(६) सम्पर्क नं :

(७) इमेल आई.डी :

१८. अस्थायी ठेगाना

(१) प्रदेश :

(२) महा/उपमहा/नगरपालिका/गाउँपालिका :

(३) वडा :

(४) गाउँ/टोल :

(५) घर नं. :

१९. संस्थाको कार्यक्षेत्रको बसोबास : ☐ स्थायी ☐ अस्थायी

२०. मतदाता परिचय-पत्र नं. :

२१. मतदानस्थल : .... .... ...

२२. संस्थाको कार्यक्षेत्रमा वर्षमा बिताउने अवधिः

२३. राहदानी नं.भएमा :

**ङ. सहकारी सदस्यता**

२४. संस्थाको सदस्य बन्नुको उद्देश्यः

२५. आफैं अर्को सहकारी संस्थाको पनि सदस्य भए, नभएको

☐भएको ☐ नभएको

२६. आफैं अर्को सहकारी संस्थाको पनि सदस्य भएको भए विवरण

| सि.नं. | संस्थाको नाम, ठेगाना | सदस्यता नं. |
|---|---|---|
| (१) | | |
| (२) | | |
| (३) | | |
| (४) | | |

(५)

२७. आफूबाहेक परिवारको सदस्य अर्को सहकारी संस्थाको सदस्य भए, नभएको

☐भएको ☐नभएको

२८. आफूबाहेक परिवारको सदस्य अर्को सहकारी संस्थाको सदस्य भएको भए विवरण

| सि.नं. | नाम, थर, | नाता | संस्थाको नाम, ठेगाना | सदस्यता नं. |
|---|---|---|---|---|
| (१) | | | | |
| (२) | | | | |
| (३) | | | | |
| (४) | | | | |
| (५) | | | | |

२९. आफैँ अन्य सहकारी संस्थाको पनि सदस्य भएको भए दोहोरो वा बहुसंस्थामा सदस्यताको प्रयोजन

... ... ... ... ... ... ...

... ... ... ... ... ... ...

३०. आफूबाहेक परिवारको सदस्य अन्य सहकारी संस्थाको सदस्य भएको भए दोहोरो वा बहुसंस्थामा सदस्यताको प्रयोजन

... ... ... ... ... ... ...

... ... ... ... ... ... ...

३१. परिवारको अर्को सदस्य पनि यसै संस्थाको सदस्य भए, नभएको :

☐भएको ☐नभएको

३२. परिवारको अर्को सदस्य पनि यसै संस्थाको सदस्य भएको भए विवरण

| सि.नं. | नाम, थर | सदस्यता नं. |
|---|---|---|
| (१) | | |
| (२) | | |
| (३) | | |

च. **आयस्रोतको विवरण**

३३. वार्षिक पारिवारिक (आफ्नो, पति वा पत्नीको र एउटै भातभान्छाका सदस्यहरूको) आम्दानी (जग्गाको खुद आयस्ता, नोकरीको पारिश्रमिक, व्यवसायको मुनाफा, इत्यादि)

- [ ] रु. ४लाखसम्म
- [ ] रु. ४ लाखभन्दा बढी रु. १० लाखसम्म
- [ ] रु. १० लाखभन्दा बढी रु. २५ लाखसम्म
- [ ] रु. २५ लाखभन्दा बढी रु. ५० लाखसम्म
- [ ] रु. ५० लाख भन्दा बढी

३४. रु. ४ लाखभन्दा बढी वार्षिक पारिवारिक आम्दानी भए पछिल्लो आर्थिक वर्षको आय र स्रोतको विवरण

| सि.नं. | स्रोत | रकम (रु.) |
|---|---|---|
| (१) | खेतीपाती | |
| (२) | व्यवसाय | |
| (३) | स्वदेशी रोजगारी | |
| (४) | वैदेशिक रोजगारी | |
| (५) | अन्य (खुलाउने... ... ...) | |

छ. **वित्तीय कारोबारको विवरण**

३५. प्रारम्भमा संस्थामा जम्मा गर्ने वा हालसम्म संस्थामा जम्मा गरिसकेको रकमको विवरण

| **सि.नं.** | **बापत** | **रकम (रु.)** |
|---|---|---|
| (१) | सेयर | |
| (२) | बचत | |
| (३) | अन्य (खुलाउने.........) | |

३६. संस्थाको खातामा अनुमानित रकम

क. वर्षमा कारोबार गर्ने पटक : ...

ख. वर्षिकरूपमा जम्मा गर्ने अनुमानित रकम : रु.

३७. संस्थासँग अनुमानित ऋणधनको रकमकलम : रु.

३८.अभिलेखमा राख्नयोग्य थप विवरण :

... ... ... ... ...

... ... ... ... ...

**ज. स्व-घोषणा**

(१) मैले पेस गरेको यो विवरणमा भविष्यमा कुनै परिवर्तन आएमा त्यस्तो परिवर्तन भएको मितिले ३५दिनभित्र संस्थामा पेस गर्नेछु ।

(२)मैले माथि पेस गरेको मेरो सम्पूर्ण विवरण ठीक, दुरुस्त छ । झुठ्ठा ठहरे कानूनबमोजिम सहुँला, बुझाउँला ।

दस्तखत :

नाम :

| | दायाँ | बायाँ |
|---|---|---|
| औँठाछाप | | |

मिति :

**झ. संलग्न कागजातहरू**

- ☐ नेपाली नागरिकताको प्रमाणको प्रतिलिपि
- ☐ मतदाता परिचय पत्रको प्रतिलिपि
- ☐ राहदानी प्रमाण पत्रको प्रतिलिपि

**ञ. सिफारिस (दर्ता भएपश्चात् हुने सदस्यको हकमा)**

यसमा उल्लेख भएका श्री ... ... ... ... लाई म राम्ररी चिन्दछु । निजले मेरो रोहबरमा सहीछाप गरेका हुन् । मैले जानेबुझेसम्म निजले पेस गरेको विवरण ठीक भएकाले निजको निवेदनअनुसार सहकारी संस्थाको सदस्यता प्रदान गर्न सिफारिस गर्दछु ।

**सिफारिसकर्ता सदस्यको**

दस्तखत :

**सिफारिसकर्ता सदस्यको**

दस्तखत :

नाम :

सदस्यता नं. :

नाम :

सदस्यता नं. :

## [∅]अनुसूची-२

**सहकारी ऐन, २०७४ को दफा ३० को उपदफा २ बमोजिम संस्थामा कानूनी व्यक्तिको पहिचान तथा सम्पुष्टि सम्बन्धी विवरण (KYM) फारामको ढाँचा**

**(दफा ३ को उपदफा (२) को खण्ड (ख) सँग सम्बन्धित)**

१. संस्थाको विवरण :

२. नाम :

३. दर्ता नं. :

४. दर्ता मिति :

५. दर्ता गर्ने कार्यालय :

६. नवीकरणको मिति :

७. मुख्य कार्यालयको ठेगाना :

८. संस्थाको मुख्य उद्देश्य :

९. व्यवसाय वा कारोबारको किसिम :

१०. कार्यक्षेत्र :

११. शाखा सङ्ख्या र स्थान :

१२. संस्था वा निकाय स्थापना तथा सञ्चालन गर्न प्रचलित कानूनबमोजिम कुनै विनियम, विधान आवश्यक हुनेमा स्वीकृत विनियम, विधान वा सोही प्रकृतिको अन्य कागजातको प्रतिलिपि र त्यस्तो विनियम, विधान वा कागजात नहुनेको हकमा आधिकारिक पत्र :

१३. वार्षिक अनुमानित कारोबार :

१४. पछिल्लो आर्थिक कारोबारको वित्तीय विवरण :

१५. पछिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाण-पत्र वा कर दाखिला विवरण :

---

∅ तेस्रो संशोधनद्वारा संशोधित ।

१६. सञ्चालक समितिका सदस्य, कार्यकारी प्रमुख र खाता सञ्चालकको संस्थाको सदस्य हुनको लागि पेस गरेको अनुसूची-१ र अनुसूची-३ बमोजिम पहिचान विवरण :

१७. प्यान/भ्याट दर्ता नं. :

१८. सञ्चालक समितिको निर्णय :

१९. संस्थाले आवश्यक ठानेका अन्य विवरणहरू :

# ∅अनुसूची-३

. . . . . . . . . . . सहकारी संस्था लि.

. . . . . . . ।

जोखिम मूल्याङ्कनको अद्यावधिक वार्षिक प्रतिवेदन

(दफा ३ को उपदफा (२) को खण्ड (ग) र १३ को उपदफा (२) र (३) सँग सम्बन्धित)

क. संस्थाको नामः–

ख. ठेगानाः–

ग. दर्ता नंः–     दर्ता मितिः–     दर्ता गर्ने कार्यालयः–

घ. पान नंः–

ङ. नियामक निकायः–

च. प्रतिवेदन अद्यावधिकः–     साल     महिना

छ. संस्थाको कार्यक्षेत्रः–

ज. शेयर सदस्य संख्याः–     महिला     पुरुष     जम्मा

झ. पछिल्लो आ.व. को लेखापरिक्षण वासलातको जम्मा सम्पत्ति वा दायित्व रु .....................

ञ. नीति तथा कार्यविधि जारी गरेको मितिः–

ट. नीति तथा कार्यविधि अद्यावधिक गरेको मितिः–

ठ. जिल्ला वा केन्द्र वा अन्य संघ वा महासंघमा सदस्यता भएको भए सो को विवरणः–

ड. कार्यान्वयन अधिकारीः– नामः–

फोन नं.     ईमेलः

| सि.नं | विवरण | आ.ब....... | अघिल्लो आ.ब | कैफियत |
|---|---|---|---|---|
| १. | जम्मा सदस्य संख्या | | | |
| २. | पहिचान(KYM) अद्यावधिक संख्या | | | |
| ३. | पहिचान(KYM) अद्यावधिक हुन बाँकी संख्या | | | |
| ४. | उच्च जोखिम स्तरका जम्मा सदस्य संख्याः– | | | |

∅ तेस्रो संशोधनद्वारा संशोधित ।

| | | | | |
|---|---|---|---|---|
| | क) उच्च पदस्थ आधारमा उच्च जोखिम स्तर संख्या:– | | | |
| | ख) कारोवारको आधारमा उच्च जोखिम स्तर संख्या:– | | | |
| | ग) पेशा, व्यवसायका आधारमा उच्च जोखिम स्तर संख्या:– | | | |
| | घ) पहिचान तथा पृष्ठभूमिका आधारमा उच्च जोखिम स्तर संख्या:– | | | |
| | ङ) भौगोलिक क्षेत्रका आधारमा उच्च जोखिम स्तर संख्या:– | | | |
| | च) अन्य कुनै आधारमा उच्च जोखिम स्तर संख्या:– | | | |
| ५. | मध्यम जोखिम स्तरका कुल सदस्य संख्या | | | |
| | क) पदका आधारमा मध्यम जोखिम स्तर संख्या:– | | | |
| | ख) कारोवारका आधारमा मध्यम जोखिम स्तर संख्या:– | | | |
| | ग) पेशा, व्यवसायका आधारमा मध्यम जोखिम स्तर संख्या:– | | | |
| | घ) अन्य आधारमा मध्यम जोखिम स्तर संख्या:– | | | |
| ६. | न्यून जोखिम स्तरका जम्मा सदस्य संख्या:– | | | |
| ७. | जोखिम स्तर परिवर्तन भएका सदस्य संख्या:– | | | |
| ८. | सिमा कारोवार प्रतिवेदन(TTR) संख्या:– | | | |
| ९. | शंकास्पद कारोवार प्रतिवेदन(STR) सख्या:– | | | |
| १०. | वास्तविक धनि पहिचान भएको संख्या:– | | | |
| ११. | वृहत पहिचान गरीएको सदस्य संख्या:– | | | |
| १२. | आन्तरिक अनुगमन तथा समिक्षा बैठक संख्या:– | | | |

| | | | | |
|---|---|---|---|---|
| १३. | रु १० लाख वा सो भन्दा बढी सिमा कारोवार गर्ने जम्मा सदस्य संख्याः– | | | |
| | क) वचत गर्ने सदस्य संख्याः– | | | |
| | ख) शेयर लिने सदस्य संख्याः– | | | |
| | ग) ऋण लिने सदस्य संख्याः– | | | |
| १४. | वार्षिक रु ३० लाख भन्दा वढी असामान्य वा उच्च आर्थिक कारोवार गर्ने जम्मा सदस्य संख्याः– | | | |
| | क) वचत गर्ने सदस्य संख्याः– | | | |
| | ख) शेयर लिने सदस्य संख्याः– | | | |
| | ग) ऋण लिने सदस्य संख्याः– | | | |
| | घ) विप्रेषण( रेमिटेन्स) वा रकम स्थानान्तरण (मनि ट्रान्सफर) गर्ने सदस्य संख्या :– | | | |

तयार गर्नेः
हस्ताक्षरः–
नामः–
पदः–
मितिः–
संस्थाको छापः–

स्विकृत गर्नेः–
हस्ताक्षरः–
नामः–
पदः–
मितिः–

# अनुसूची-४

## Threshold Transaction Report (TTR)

| S. N. | Name and address of the person holding account (including legal) | Branch | Date of Transaction | Nature of Transaction | Account Type and No. | Amount Involved | Source of Fund | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**Name:**

Signature :

(Compliance Officer or Authorized Officer)

Name :

Designation :

Phone :

Email :

Fax :

Date :

# अनुसूची-५

## Suspicious Transaction Report (STR)

**A. Reporting Institution:**

| | |
|---|---|
| 1. Name of the Institution/Branch: | |

**B. Details of Customer :**

| | |
|---|---|
| 1. a. Name of the Main account holder/s/customer: | a. |
| b. Related Party/ies: | b. |
| 2 a. Permanent Address: | a. |
| b. Present Address: | b. |
| 3. Profession (As per KYC): | |
| 4. Nationality: | |
| 5. Other account(s) number (if any): | |
| 6. Other business (if nay): | |
| 7. a. Citizen No./PP No./ other ID No./Regd.No. | a. |
| b. Issue Date and Place | b. |
| c. Issuing Agency/Authority | c. |

8. a. Father' Name
b. Mother's Name
c. Spouse Name
d. Grand Father
e. Chairman/MD/Proprietor

| |
|---|
| a. |
| b. |
| c. |
| d. |

9. Date of birth (Natural Person)/

Date of establishment(Legal Person):

**C. Details of Customer :**

1. Account Number

2 Nature of the account

(Current/savings/loan/other, pls. specify)

3. Nature of Ownership: (Individual/proprietorship /Partnership/company/other, pls. specify)

4. Names of Prop./Directors/ Partners, etc.

5. Date of A/C opening

6 Other account(s) number (Related Parties):

1.

2.

3.

## D. Transaction

### a. Transaction Details (Accountwise)

| Account No. | Year | Total Trans. No. | Total Dr. Amount | Total Trans. No. | Total Cr. Amount | Closing Balance |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| **Total upto now** | | | | | | |

**Please fill the transaction from opening to present date, Total of Dr. & Cr. (No. & Amount) exclude returned cheques/reverse entries/any other correcting items.**

### b. Details of Top 10 deposits (Last One Year)

| S.No. | Date | Cheque/Voucher No. | Depositor | Amount | Remarks |
|---|---|---|---|---|---|
| | | | | | |

### c. Details of Top 10 withdrawals (Last One Year)

| S.No. | Date | Cheque/Voucher No. | Payee | Amount | Remarks |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

### d. Details of Loan and any other business and tranasactions with BFI

### e. Person and Transaction Tree or Map

**D. Reasons for considering the transaction(s) as unusual/suspicious?**

- Summary of suspicious activities

- Analysis or Examination

- Possible Linkage

**E. Suspicious Activity Information/Typology:**

Summarize characterization of suspicious activity/please specify the typologies (As per Act and FATF Guideline):

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| a. | ☐ | Corruption/Gratuity | e. | ☐ | False statement | i. | ☐ | Structuring |
| b. | ☐ | Cheque fraud | f. | ☐ | debit/credit or other card fraud | j. | ☐ | Mysterious Disappearance/behavior |
| c. | ☐ | Tax evasion | g. | ☐ | Identity Theft | k. | ☐ | Counterfeit instrument |
| d. | ☐ | Loan fraud | h. | ☐ | Terrorist Financing | L | ☐ | Misuse of Position or Self |

Others (Please Specify): …………………………………………………..

**F. Has the Bank/FI taken any action in this context? Give details.**

| | | |
|---|---|---|
| Signature (Compliance Officer or Authorized Officer) : | | |
| Name : | | |
| Designation: | | Date: |
| Phone : | Email: | Fax: |

## ⊗अनुसूची-६

.........................

## ⊗अनुसूची-७

...........................................

## ⊗अनुसूची-८

..........................................

⊗ तेस्रो संशोधनद्धारा खारेज गरिएको ।